# उपप्रमुख श्री मन्जु तामाङद्धारा नगरसभामा पेस भएको आर्थिक वर्ष २०८३।०८४ को बजेट बक्तव्य

बाह्रविसे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाह्रविसे, सिन्धुपाल्चोक ।

२०८३।०३।०९

बाह्रविसे नगरपालिकाको
१९ औं नगर सभा
२०८३।०३।०९
उपप्रमुख श्री मन्जु तामाङद्वारा
प्रस्तुत आ.व.०८३।०८४ को
बार्षिक बजेट तथा कार्यक्रम

बाह्रविसे नगरपालिकाको ं१९ औं गरिमामय नगर सभाको अध्यक्षता ग्रहण गरिरहनु भएका नगर प्रमुख श्री बालकृष्ण वस्नेतज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगर सभा सदस्यज्यूहरु, नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, सम्पूर्ण नगरवासी आमा वुवा दाजु भाई तथा दिदिवहिनीहरु,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बाह्रविसे नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम उपप्रमुखको रुपमा यस सभामा पेस गर्न पाउँदा खुसी व्यक्त गर्न चाहन्छु ।

शासन व्यवस्था परिवर्तन, लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलन तथा सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रणका लागि २०८३ भाद्र २३ र २४ गते नवयुवा समूहको आन्दोलनका क्रममा जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै, घाइतेहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

स्थानीय सरकारको प्रत्याभूति हरेक नगरबासीहरुले गरुन भन्ने मुख्य उद्देष्यका साथ बजेट निर्माण गरेको छु । उपलव्ध स्रोत तथा साधनको अधिकतम प्रयोग गरी बजेट तथा कार्यक्रम तयार गरेको छु । आगामी आ.व.को बजेट निर्माणको क्रममा संघीय सरकार र बागमती प्रदेश

सरकारको स्वीकृत बजेट तथा कार्यक्रम, विभिन्न राजनैतिक दल, शिक्षा प्रेमी, संघ-सस्था, जनप्रतिनिधि, शाखा सम्बद्ध कर्मचारी, बाह्रविसे नगरपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको राय सुझावलाई केन्द्रमा राखेको छु ।

बाह्रविसे नगरपालिकाले मुख्य गरी गुणस्तरीय र सर्वसुलभ शिक्षामा सवैको पहुँच अभिबृद्धि गर्न र सरलरुपमा स्वास्थ्य सेवा स्थानीयहरुले पाउन भनि आगामी आर्थिक बर्ष २०८३।०८४ मा नगरपालिकाको ठुलो हिस्साको बजेट तर्जुमा गरिएको छु । हाम्रो नगरपालिका भौगोलिक हिसावले मनसुनजन्य र अन्य आकस्मिक दुर्घटना/विपदबाट अति प्रभावित क्षेत्र अन्तर्गत पर्दछ । तसर्थ नगरपालिकाबाट विपद व्यवस्थापन तर्फ बजेट विनियोजन गर्ने प्रस्ताव गरिएको छ ।

**सभाध्यक्षज्यू,**

म अब चालु आ.व.०८२।०८३ को बजेट तथा कार्यक्रमबाट प्राप्त मुख्य उपलव्धिहरु यहाँहरु समक्ष राख्न चाहन्छु, जुन निम्नानुसार रहेका छन् ।

१. शिक्षा क्षेत्रमा प्रारम्भिक शिक्षा नै गुणस्तरीय शिक्षाको मेरुदण्ड भएको हुँदा बालवालिकाहरुलाई सामुदायिक विद्यालय प्रति आकर्षित गर्न मन्टेश्वरी शिक्षण पद्धतिबाट शुरु गरेको प्रारम्भिक शिक्षालाई निरन्तरता दिइएको छ । विद्यालयहरुमा विद्यालयको माग वमोजिम इन्टरनेट जडान र ई हाजिरीको व्यवस्था भएको छ । नेपाल सरकारले निर्धारण गरे बमोजिमको दिवा खाजा थप कक्षा १० सम्मको लागि व्यवस्था गरिनेछ । साथै कक्षा १२ सम्म निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. स्वाथ्य तर्फ संघ, प्रदेश र नगरपालिकाको समन्वयमा सवै वडाहरुमा स्वास्थ्य चौकी भवन निर्माण र कर्मचारीको व्यवस्थापन भएको छ ।

३. संघ, प्रदेशबाट प्राप्त कार्यक्रमको अतिरिक्त  नगरपालिकाबाट पनि कृषकहरुको लागि अनुदानको व्यवस्था गरिएको छ । परम्परागत खेती प्रणालीको संरक्षण र आधुनिक प्रविधि प्रयोगमा बृद्धि भएको छ ।

४. साँस्कृतिक सम्पदाको संरक्षण तर्फ वस्ती स्तरको माग वमोजिम विभिन्न स्थानहरुमा मठमन्दिर निर्माण, गुम्वा तथा चैत्य निर्माण, चर्च भवन निर्माण जस्ता कार्यहरु भएको छ ।

५. स्रोत र साधनले भ्याए सम्म वस्ती स्तरमा खानेपानी उपलव्ध गराइएको छ ।

६. पशु विमा खोप तथा औषधी वितरणलाई निरन्तरता दिइएको छ ।

७. स्थानीय स्तरमा सिप विकास तालिम सञ्चालन गरी लघु, घरेलु उद्योगलाई प्रोत्साहित गरिएको छ ।

८. मौसम जन्य प्राकृतिक विपद र आकस्मिक विपदमा परेकाहरुको तत्काल खोज तथा उद्धार र राहतका कार्यहरु तिव्र रुपमा अगाडि वढाई पीडितहरुलाई प्रत्यक्ष राहत महसुस हुने गरी कार्य गरिएको छ । हाल सम्म पुनर्स्थापना गर्नु पर्ने मध्ये  १४४ वटा घरहरुको सम्झौता भै ६४ वटा घर निर्माण सम्पन्न भई भुक्तानी दिइएको छ । आफ्नो स्वामित्वमा घर घडेरी नभएका ४९ घर परिवारलाई पुनर्स्थापनाको लागि जग्गाधी प्रमाणपुर्जा समेत उपलव्ध गराइएको छ ।

उल्लिखित उपलव्धिहरु हासिल गर्नको लागि नगरपालिकामा संघ, प्रदेशबाट प्राप्त कार्यक्रम र नगरपालिकाको कार्यक्रमबाट २०८३ आषाढ मसान्त सम्म वित्तीय व्यय आम्दानीको अनुपातमा करिव ९५ प्रतिशत हुने अनुमान गरेको छु । आषाढ मसान्त सम्म खर्च नभै बचत हुन जाने रकम रातो किताव प्रकाशित गर्दा  समावेश गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

**सभाध्यक्षज्यू,**

बजेट तर्जुमा गर्दा विगतका आर्थिक वर्षहरुमा गरिएका घोषणाहरु र संघ तथा प्रदेश सरकारबाट प्राप्त योजना तथा नीतिलाई आधार मानिएको छ । आगामी आर्थिक बर्ष २०८३।०८४ को बजेटको कार्यान्वयन पश्चात चालु आ.व.०८२।०८३ का अधुरा योजनाहरु पुरा हुनेछन् भने नयाँ योजनाहरु पनि समावेश गरिनेछ ।

**सभाध्यक्षज्यू,**

आर्थिक वर्ष २०८३।०८४ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१.बजेटका उद्देश्यहरु देहाय वमोजिम रहेको छन् ।

- शिक्षा, स्वास्थ्य नागरिकहरुको नैसर्गिक अधिकार हो, जुन नेपालको संविधान २०७२ ले पनि सुनिश्चित गरेको छ, सोहीलाई व्यवस्थापन गर्नको लागि शिक्षा तर्फ विशेष बजेटको व्यवस्था गर्ने ।
- मौसमजन्य प्राकृतिक विपदबाट नागरिकहरुको जीवन रक्षा गर्दै जनजीविकालाई सहज र सुरक्षित गराई बाँच्न पाउने मानवीय अधिकारको रक्षा गर्नका लागि विपद व्यवस्थापन तर्फ विशेष व्यवस्था गर्ने ।
- स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग गर्ने ।
- कृषक प्रोत्साहनका लागि कृषि एम्बुलेन्स खरिद तथा व्यवस्थापनका गर्ने, शीत भण्डार निर्माण गर्ने ।
- कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै बजारीकरण गर्ने ।
- कृषि र पशुपन्छी विकास तर्फ एक वडा एक पकेट क्षेत्र निर्धारण गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
- युवाहरुलाई स्वास्थ्य तथा सामाजिक रुपमा उत्तरदायी बनाउनको लागि खेलकुदका कार्यक्रमहरु सञ्चालन गर्ने ।

- नगरपालिका भित्रका लक्षित समुदायहरुको लागि विशेष कार्यक्रम मार्फत उनीहरुको दैनिक जीवनमा सहयोग पुऱ्याउने ।
- नगरपालिकाको सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री वनाउँदै नागरिक वडापत्रको व्यावहारिक कार्यान्वयन गर्दै गुणस्तरीय सेवा प्रवाह गर्ने ।
- स्वास्थ्य संस्थाहरुको सवलीकरण र सेवा प्रवाहलाई सुदृढ गर्ने र नगर अस्पताल सञ्चालन गर्ने ।

२.आर्थिक वर्ष २०८३।०८४ को बजेटका प्राथमिकताका क्षेत्रहरु देहाय वमोजिम रहेका छन् ।

- शैक्षिक विकास, स्वास्थ्य विकास, आर्थिक विकास, पूर्वाधार विकास
- अधुरा योजनाहरु सम्पन्न गर्ने ।
- सार्वजनिक सेवा तथा क्षमताको विकास, न्यायिक कार्य
- लक्षित वर्ग उत्थान एवं समावेशीकरण
- संघीय सरकार र प्रदेश सरकारका प्राथमिकताका योजना तथा कार्यक्रम

३.बजेटका उद्देश्यहरु हासिल गर्न देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

- स्वास्थ्यको दायरालाई विस्तार तथा सवै वडाका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मी तथा निःशुल्क औषधीहरु उपलव्ध हुने व्यवस्था मिलाइएको छ ।
- शैक्षिक गुणस्तरमा सुधार र विकासका लागि स्रोतको सिमा भित्र रही बजेटको व्यवस्था मिलाएको छ ।
- कृषि पशु लगायतका क्षेत्रमा प्रोत्साहनको व्यवस्था मिलाउन पकेट क्षेत्र

विकास कार्यक्रमलाई थप व्यवस्थित गर्न आवश्यक कार्यक्रम अगाडि वढाउने व्यवस्था मिलाएको छु ।

- बालमैत्री स्थानीय शासन अवलम्वन गरी ५१ वटा सूचकहरु पुरा गर्दै वडा तथा नगरपालिकालाई बालमैत्री घोषणा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।
- महिला, दलित, अपाङ्गता, अल्पसंख्यक भएका व्यक्ति लक्षित समुदायमैत्री स्थानीय शासन वनाउनका लागि बजेट विनियोजन गरिएको छ ।
- संघीय सरकार, प्रदेश सरकार र साझेदार संस्थाहरु सँगको साझेदारीमा योजना तथा कार्यक्रम कार्यान्वयन गर्न समपूरक कोषमा बजेट सुनिश्चित गरी बजेटको व्यवस्था गरेको छु ।
- नीति तथा कार्यक्रमले उच्च महत्व दिएका विषयहरुलाई आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण संरक्षण र विपद व्यवस्थापन,सुशासन तथा संस्थागत विकासका क्षेत्रमा स्रोतको सिमा भित्र रही बजेटको व्यवस्था मिलाइएको छ ।

**सभाध्यक्षज्यू,**

अब म बाह्रविसे नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अनुमानित आय पेस गर्दछु ।

१.नेपाल सरकार बाट प्राप्त वित्तीय समानीकरण अनुदान रकम रु.१३,०९,००,०००।- (अक्षरुपी तेह्र करोड ९ लाख रुपैयाँ मात्र) ।
२.नेपाल सरकार राजश्व बाँडफाँडबाट प्राप्त अनुदान रु.८,९१,६३,०००।- (अक्षरुपी आठ करोड एकानव्वे लाख त्रीसठ्ठी हजार रुपैयाँ मात्र) ।
३.बागमती प्रदेश बाट प्राप्त वित्तीय समानीकरण अनुदान रु.१,२५,१५,०००।- (अक्षरुपी एक करोड पच्चीस लाख पन्ध्र हजार रुपैयाँ मात्र) ।
४.बागमती प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त अनुदान रु.५,२४,४०,७४०।- (

अक्षरुपी पाँच करोड चौवीस लाख चालीस हजार सातसय चालीस रुपैयाँ मात्र) ।

५.स्थानीय राजश्व बाँडफाँड(नदी जन्य पदार्थ विक्री शुल्क) रु.१,४०,८१,४६०।- (अक्षरुपी एक करोड चालीस लाख एकासी हजार चारसय साठ्ठी रुपैयाँ मात्र) ।

६.स्थानीय कर( व्यवसाय कर,सिफारिस दस्तुर, अन्य सेवाशुल्क लगायत) रु.७६,९५,०००।-
(अक्षरुपी छयत्तर लाख पन्चानव्वे हजार रुपैयाँ मात्र) ।

७. संघीय ससर्तबाट प्राप्त बजेट तथा कार्यक्रम (वित्त हस्तान्तरण) रकम रु.२४,६६,००,०००।- (अक्षरुपी चौवीस करोड छैसठ्ठी लाख रुपैयाँ मात्र) ।

८.बागमती प्रदेशबाट प्राप्त ससर्त बजेट तथा कार्यक्रम (वित्त हस्तान्तरण) रकम रु.६७,००,०००।- (अक्षरुपी सत्सठी लाख रुपैयाँ मात्र) ।

९. बागमती प्रदेशबाट प्राप्त विशेष अनुदान रु.७००००००।-(अक्षरुपी सत्तरी लाख रुपैयाँ मात्र)

१०.बागमती प्रदेशबाट प्राप्त समपुरक अनुदान रु.२,५५,००,०००।- (अक्षरुपी दुइकरोड पचपन्न लाख रुपैयाँ मात्र)

११. सामाजिक सुरक्षा भत्ता रु. १५,६०,१५,७५०।- (अक्षरुपी पन्ध्र करोड साठीलाख पन्ध्र हजार सातसय पचास रुपैयाँ मात्र) ।

जम्मा आय तर्फ रु.७४,८६,१०,९५०।- (अक्षरुपी चौहत्तर करोडा छयासी लाख दश हजार नौसय पचास रुपैयाँ मात्र) बजेट आ.व.२०८२।०८३ को लागि स्रोत प्रक्षेपण गरेको छु । यस बजेटमा सडक वोर्ड नेपालबाट प्राप्त हुने रकम, विभिन्न संघ संस्थाहरुबाट नगरपालिकामा सञ्चालन हुने बजेट तथा कार्यक्रम, विद्युत प्रशारण लाइन प्रभावित क्षेत्र विकास कार्यक्रमबाट प्राप्त हुने कार्यक्रमहरु,आर्थिक बर्ष २०८२।०८३ को बैङ्क मौजुदा कोषमा रहेको रकम समावेश गरिएको छैन । त्यस्तो रकमको एकिन भए पछि यसै बजेटको अंग मानिने छ र त्यस प्रकारको बजेट तथा कार्यक्रमलाई नगरपालिकाबाट प्रकाशित हुने रेड बुकमा समावेश गर्ने व्यवस्था मिलाइएको छ ।

उल्लिखित अनुमानित आय देहायवमोजिम **खर्च हुने** अनुमान गरी स्वीकृतिका लागि यस सभामा पेश गर्दछु ।

१. वडाबाट मागको आधारमा छनोट भै प्रस्तावित भएका आयोजनाहरुको लागि सवै वडाहरुमा समानुपातिक बजेट विनियोजन गरी प्रत्येक वडामा रु.५० लाखका दरले ९ वटा वडाहरुलाई रु.४ करोड ५० लाख विनियोजन गरिएको छ ।

२.नगरपालिकाको विशेष ध्यान शिक्षा तर्फ रहेको हुँदा समग्र शिक्षा क्षेत्रको विकासका लागि शिक्षा तर्फ रु.४ करोड बजेट विनियोजन गरिएको छ ।

३.स्थानीय जनताहरुको स्वास्थ्य क्षेत्रमा सहज पहुँच र स्वास्थ्य क्षेत्रको विकासका लागि स्वास्थ्य तर्फ रु.५० लाख बजेट विनियोजन गरिएको छ ।

४.बाह्रविसे नगरपालिका मौसमजन्य र आकस्मिक विपदका घटनाहरु वढी घटन सक्ने क्षेत्र भएको हुँदा समग्र विपद व्यवस्थापन र विपदबाट घरबार विहीन हुन पुगेका नागरिकहरुको आवास पुननिर्माण कार्यक्रमका लागि रु.५० लाख विनियोजन गरिएको छ ।

५.नगरपालिकामा संघ, प्रदेश तथा विभिन्न संघसंस्थाहरुबाट लागत साझेदारीका कार्यक्रमहरुमा लागत साझेदारी गर्न समपुरक कोष रु.२ करोड ६० लाख विनियोजन गरिएको छ ।

६.नगरपालिकाको समग्र कृषि तर्फको विकासका लागि रु.५५ लाख विनियोजन गरिएको छ ।

७.नगरपालिकाको समग्र पशु विकास कार्यक्रमको लागि रु.२५ लाख विनियोजन गरिएको छ ।

८.भौतिक पूर्वाधार तथा आर्थिक विकास तर्फ  रु.१ करोड १४ लाख १५ हजार विनियोजन गरिएको छ ।

९. गत आ.व.को बाँकी भुक्तानी तर्फ रु.३० लाख विनियोजन गरिएको छु ।

१०. चालु तर्फ कार्यालय सञ्चालन तथा नगरपालिकाको अन्य शाखागत कार्यक्रमका लागि रु.१६ करोड ३३ लाख ८० हजार २०० रुपैयाँ मात्र विनियोजन गरिएको छु । यसमा कर्मचारीको पारिश्रमिक, मर्मत सम्भार, इन्धन, भ्रमण खर्च जस्ता कार्यालय संचालन प्रकृतिका खर्चहरु समावेश

गरिएको छ ।

११.संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने ससर्त, विशेष अनुदान र समपुरक अनुदानका कार्यक्रमहरु र सामाजिक सुरक्षा भत्ता सोही शीर्षकहरुमा खर्च हुने व्यवस्था मिलाएको छ ।

**सभाध्यक्षज्यू,**

नेपाल सरकारले आर्थिक बर्ष २०८३।०८४ का लागि प्रस्तुत गरेको बजेट वक्तव्य अनुसार बृद्धि भएको कर्मचारीको तलव र प्रोत्साहत भत्ता उपलव्ध गराउने र यस नगरपालिकाले विगतका आ.व.हरुमा उपलव्ध गराउँदै आएको कर्मचारीहरुको प्रोत्साहन भत्तालाई निरन्तरता दिइएको छ ।

बाह्रविसे नगरपालिकाको **आर्थिक विधेयक, २०८३,** बाह्रविसे नगरपालिकाको विनियोजन **विधेयक २०८३,** स्वीकृतिका लागि यस सभामा पेस गरेको छु ।

मनसुन भित्रने समय रहेकोले मौसमजन्य प्राकृतिक विपदका घटनाहरु घट्न सक्ने समयको शुरुवात भै सकेको छ, तसर्थ नगरपालिका भित्र र बाहिर बस्नु हुने सवै नगरवासीहरुलाई चनाखो र सुरक्षित भै बस्नुहुन र एक आपसमा सहयोग सद्भावको भावना लिई कार्य गर्नुहुन अनुरोध गर्दै नगरपालिकाको विकासमा सदैव सहयोग गर्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । बजेट तर्जुमाको क्रममा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु तथा कार्यपालिका सदस्यज्यूहरु, विभिन्न शाखा सम्वद्ध कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु सवैमा हार्दिक आभार व्यक्त गर्दै बजेट तथा कार्यक्रमलाई घनिभूत रुपमा छलफल गरी पारित गर्न यस सम्मानित नगर सभालाई अनुरोध गर्दै बजेटको सफल कार्यान्वयनमा सवैको सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद !

मन्जु तामाङ
उप-प्रमुख